कृषि तथा वन विज्ञान विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

चितवन, नेपाल

फोन नं. : ०५६-५२०६०२
फ्याक्स : ०५६-५२६०१४

## उत्तरपुस्तिका आपूर्ति गर्ने सम्बन्धी बोलपत्र आवह्नको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७०/१/१३**

कृषि तथा वन विज्ञान विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयको प्रयोजनको लागि आवश्यक पर्ने मूल र थप उत्तर पुस्तिकाहरु क्रमशः पच्चिस / पच्चिस हजार थान तथा परीक्षा सम्बन्धि अन्य कागजातहरु आपूर्ति गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त भ्याटमा दर्ता भएका ईच्छुक रजिष्टार फर्म तथा छापाखानाहरुबाट निम्न शर्तहरुको अधिनमा रही उक्त कार्यको सम्झौता भएको मितिले बढीमा ३० दिन भित्र आपूर्ति गर्ने गरी यस कार्यालयले तयार गरेको बोलपत्र फारम भरी रीतपूर्वकको शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र दर्ता गर्न यो शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

**शर्तहरु:**

१. बोलपत्र फारममा नेपाल सरकार वा सार्वजनिक संघ/ संस्थान छपाई तथा आपूर्ति सम्बन्धि कार्यको अनुभवको प्रमाणपत्र, आर्थिक वर्ष २०६९/०७० को कर चुक्ता प्रमाणपत्र र नविकरण सहितको छपाई तथा सप्लाई सम्बन्धि कार्य गर्ने उदेश्य खुलेको फर्म दर्ता, प्रमाणपत्र र मु.अ.क.दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु साथै राखि शिलबन्दी गरी दर्ता गर्नुपर्नेछ ।

२. बोलपत्र फारम दस्तुर बापत रु. १०००/- (अक्षरुपी एक हजार मात्र) फिर्ता नहुने गरी यस कार्यालयको राष्ट्रिय वाणिज्य वैङ्क, भरतपुरको खाता नं. १४२०००००१५०६ मा जम्मा गरी कार्यालय समयभित्र रजिष्ट्रारको कार्यालय, परीक्षा नियन्त्रणको कार्यालयको प्रशासन शाखा, भरतपुर, चितवन (हाकिमचोक) बाट प्राप्त गर्न सकिनेछ ।

३. बोलपत्रको साथमा आफूले कबोल गरेको मूल्यको २.५% हुने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैङ्क, भरतपुरको खाता नं. १४२०००००१५०६ मा नगद जम्मा गरी सो सक्कल भौचर वा सो बराबरको ६ महिना म्याद भएको वैंक ग्यारेन्टी संलग्न गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएमा पुनः ५% ले हुने रकम बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र उल्लेखित वैंकमा जम्मा गरि सक्कल वैंक भौचर पेश गर्नु पर्नेछ ।

४.बोलपत्र खाम बाहिर मूल र थप उत्तरपुस्तिकाहरु सम्बन्धि बोलपत्र श्रीमान् परीक्षा नियन्त्रकज्यू, कृषि तथा वन विज्ञान विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवन उल्लेख गर्नुपर्नेछ । बोलपत्र सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र र सो दिन विदा परेमा सो को भोलि पल्ट कार्यालय समय भित्र शिलबन्दी बोलपत्र कृषि तथा वन विज्ञान विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा दर्ता भैसक्नु पर्नेछ । बोलपत्र बुझाउने अन्तिम दिन र त्यस्तै खोल्ने दिन  विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खोलेको दिन कायम हुनेछ । म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

५. प्राप्त शिलबन्दी बोलपत्रहरु बुझाउने अन्तिम दिनको भोलीपल्ट दिउँसो १.०० बजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थितीमा कृषि तथा वन विज्ञान विश्वविद्यालय रजिष्ट्रारको कार्यालय, भरतपुर, चितवन (हाकिमचोक) मा कमिटिको रोहबरमा खोलिनेछ । सो दिन बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन् । कुनै पनि बोलपत्र आंशिक वा पूर्ण स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

चितवन, नेपाल

फोन नं. : ०५६-५२०६०२
फ्याक्स : ०५६-५२६०१४

६. मूल उत्तरपुस्तिका ८ पानाको र थप उत्तरपुस्तिका ४ पानाको १२" X ८.५" साइजमा प्रथम र द्वितीय उत्तरपुस्तिकाको कभर पृष्ठ बाहेक प्रत्येक पानाको देब्रेपट्टी उत्तरको प्राप्ताङ्ग दिने ठाउको लागि १" मार्जिन समेत लाइनिङ्ग गरिएको ८० ग्रामको कागज कार्यालयले उपलब्ध गराएको नमुना अनुसार हुनु पर्नेछ ।

७. तयारी उत्तरपुस्तिकाहरु कृषि तथा वन विज्ञान विश्वविद्यालय रजिष्ट्रारको कार्यालय, भरतपुर, चितवनमा बुझाउनु पर्नेछ । उत्तरपुस्तिकाहरु पुऱ्याउँदा लाग्ने लोड अनलोड र ढुवानी खर्च समेत बोलपत्रदाताले नै बुझाउनु पर्नेछ ।

८. यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद ऐन नियमावली २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

९. यस सम्बन्धमा थप जानकारीको लागि कार्यालय समयभित्रमा कृषि तथा वन विज्ञान विश्वविद्यालय रजिष्ट्रारको कार्यालय, भरतपुर, चितवन (हाकिमचोक) फोन नं.: ०५६-५२०६०२ वा मोवाइल नं. ९८४५०२३७१६ मा सर्म्पक गर्न सकिनेछ ।

१०. नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार भ्याट बाहेकको कुनै पनि कर सप्लायर वा छापाखाना ले नै बुझाउनु पर्नेछ ।

प्रा.डा. जगत लाल यादव
परीक्षा नियन्त्रक

वेभसाइट : www.afu.edu.np
सम्पर्क कार्यालय : पो.ब.नं. १३७१२, विनायक, धुर्वमार्ग, मिनभवन, काठमाण्डौ
फोन नं. : ०१-४१०६२४७, फ्याक्स : ०१-४१०६२४८